# आमाछोदिङ्मो गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

**गोल्जुङ, आमाछोदिङ्मो-४, रसुवा**

**३ नं. प्रदेश नेपाल**

---

## गाउँ

यस गाउँपालिकाको विकासको लागि यस पार्श्वचित्रले महत्वपूर्ण भूमिका खेल्ने छ । नेपालको संविधान २०७२ मा उल्लेख भएको संरचनाअनुरुप स्थापना भएको आमाछोदिङ्मो गाउँपालिका रसुवा जिल्लाको दक्षिणी भेगमा अवस्थित श्रोत र साधनका कारण विकासका लागि संभावना भएको सुन्दर गाउँपालिका हो । साबिकका चारवटा गाउँ विकास समितिको विभिन्न वडाहरुलाइ मिलाएर बनाइएको यस गाउँपालिकाका विविध पक्षहरु, जस्तै जनसङ्ख्या, घरधुरी सङ्ख्या, शिक्षा, स्वास्थ्य र श्रोतहरु आदि विषयमा वस्तुगत तथ्याङ्क सङ्कलन गरेर सोहिअनुरुपको विकासको योजना तयार पार्नुपर्ने हुन्छ । यिनै विविध वस्तुगत विवरणहरु समावेस गरी तयार पारिएको यस पार्श्वचित्रले गाउँपालिकाको वास्तविक चित्र झल्काउने अपेक्षा गर्दै यस पार्श्वचित्र निर्माणमा परामर्श सेवा प्रदान गर्ने शेयर नेपालप्रति कृतज्ञता ब्यक्त गर्दछु । साथै आगामि दिनमा पार्श्वचित्रमा प्रस्तुत तथ्याङ्कलाई अध्यावधिक र परिस्कृत गर्नुपरेमा सेयर नेपालबाट आउँदा दिनमा पनि सहयोगको अपेक्षा गर्दछु ।



श्री बुचुङ तामाङ्

अध्यक्ष
आमाछोडिङ्मो गाउँपालिका
रसुवा

# आमाछोदिङ्मो गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
गोल्जुङ, आमाछोदिङ्मो-४, रसुवा
३ नं. प्रदेश नेपाल


---

**गाउँ -**

कुनै पनि गाउँपालिकाको विकासका लागि सोही गाउँपालिकावासीको सकृय सहभागितामा योजना तर्जुमा गर्नु पर्दछ । यस पालिकामा रहेको घरधुरी सङ्ख्या, त्यहाँ वसोवास गर्ने परिवार र जनसङ्ख्या, पालिकाको शिक्षा तथा स्वास्थ्यको अवस्था, खानेपानी तथा सरसफाईको अवस्था आदिबारे विस्तृत जानकारी प्राप्त भएपछि मात्र सहि र वास्तविक योजना तर्जुमा गर्न सकिन्छ । यिनै कुरालाई मध्यनजर गरी आमाछोदिङ्मो गाउँपालिका कार्यालयले गाउँपालिकाको विस्तृत विवरणसहितको पार्श्वचित्र तयार पार्ने निधो गरेको थियो ।

यस पार्श्वचित्र तयार पार्न सहभागितामूलक सर्वेक्षण कार्यमा अनुभवी यसै गाउँपालिकामा स्थापना गरिएको स्थानीय गैरसरकारी संस्था ‘शेयर नेपाल’लाई जिम्मा दिने निर्णय गरियो । अहिले गाउँपालिकाको विस्तृत पार्श्वचित्र तयार भएको छ । पार्श्वचित्र तयार पार्न गाउँपालिका प्रमुखको भूमिका अत्यन्तै महत्वपूर्ण रहेको हुँदा प्रमुखज्यू लगायत गाउँपालिकाका सबै वडाअध्यक्षहरुलाई विशेष धन्यवाद दिन चाहन्छु । साथै, यसका लागि शेयर नेपाल, शेयर नेपालका अध्यक्ष श्री रामशरण आचार्य तथा सर्वेक्षण कार्यमा संलग्न सम्पूर्ण टोली सदस्यहरुप्रति हार्दिक आभार व्यक्त गर्न चाहन्छु । साथै, आगामि दिनमा गाउँपालिकाको विकासका लागि योजना तर्जुमा तथा अन्य कार्यको लागि सेयर नेपालसँग सहकार्य गर्ने अपेक्षा राख्दछु ।



श्री नविना तामाङ

उप-प्रमुख
आमाछोदिङ्मो गाउँपालिका
रसुवा